मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

डरलाग्दो लत : युवामा
डिप्रेशनको जोखिमः पृष्ठ २



◆ वर्ष : २५ ◆ अङ्क : २९९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असोज १३ गते मंगलवार (Tuesday, September 29. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## गौरादहमा एक महिलाको हत्या

**सप्तरी, असोज १२।** झापाको गौरादह नगरपालिकामा एक ६५ वर्षीया बृद्धाको हत्या भएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार गौरादह नगरपालिका-१ निवासी मनमाया भण्डारीको हत्या भएको हो । घरभित्रको खाटमुनि दुवै हात पछाडि बाँधिएको अबस्थामा उनको शव फेला परेको प्रहरीले जनाएको छ । हत्या किन र कसले गरेको हो भन्ने विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक राकेश थापाले बताए ।

## बलात्कार प्रयासका फरार तीन जना पक्राउ

**सप्तरी, असोज १२।** सप्तरीमा चार वर्षपछि बलात्कार प्रयासका तीन अभियुक्त पक्राउ परेका छन् ।

२१ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा पक्राउ परेका सप्तरीको डाक्नेश्वरी नगरपालिका-३ भुतहीका ३२ वर्षीय पवन पण्डित कुम्हार, ५८ वर्षीय खुशीलाल यादव र डाक्नेश्वरी नगरपालिका-

(बाँकी अन्तिम पृष्ठमा)

# झापामा ८ जनाको मृत्यु, कमलमा अस्पताल




**गौरादह, असोज १२।** झापामा सोमबार थप एक व्यक्तिको कोरोना संक्रमणका कारण मृत्यु भएको छ । विराटनगरस्थित नोबेल अस्पतालको आइसोलेसनमा उपचाररत् गौरादह नगरपालिकाका कोरोना संक्रमित ५२ वर्षीय पुरुषको मृत्यु भएको हो ।

मधुमेह र उच्च रक्तचापले पीडित उनलाई ज्वरो, खोकी लागेपछि उपचारका लागि असोज ३ गते अस्पतालमा भर्ना गरिएको थियो । अस्पताल भर्ना भएपछि उनको स्वाब संकलन गरी परीक्षण गर्दा असोज ६ गते रिपोर्ट पोजेटिभ आएको नोबेल अस्पतालका प्रबन्धक नारायण दाहालले जानकारी दिए । उनलाई आईसीयूमा राखेर उपचार गर्दा समेत बचाउन नसकिएको दाहालले बताए । उनीसँगै झापामा कोरोना संक्रमणका कारण आठ जनाको मृत्यु भएको छ भने प्रदेश नं. १ मा मृत्यु हुनेको संख्या ६६ पुगेको छ ।

यसअघि कोरोना भाइरसको संक्रमणबाट धरानमा थप एक महिलाको मृत्यु भएको थियो । धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको आकस्मिक कक्षमा उपचारका क्रममा धरान उपमहानगरपालिका-२ की ३८ वर्षीया महिलाको सोमवार मृत्यु भएको हो । निमोनिया सहित ज्वरो, रुघाखोकी र श्वासप्रश्वासमा कठिनाई भएपछि प्रतिष्ठानमा उपचारका लागि पुऱ्याएको करिब छ घण्टापछि उनको मृत्यु भएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानका प्रवक्ता डा. निदेश सापकोटाका अनुसार उनलाई भदौ ११ गते राति साढे ११ बजे

(बाँकी अन्तिम पृष्ठमा)

## कैदीबन्दीलाई स्वास्थ्य सामग्री



**बिर्तामोड, असोज १२।** नेपाल रेडक्रस सोसाइटी झापा शाखाले जिल्ला कारागार झापाका लागि सेनिटाइजर, मास्क लगायतका आवश्यक स्वास्थ्य

(बाँकी अन्तिम पृष्ठमा)

# सिक्किमे रक्सी नेपालतिर तस्करी




गणेश अर्याल


**इलाम, असोज १२।** भारतबाट अवैध रुपमा मदिरा नेपाल भित्र्याउने क्रम बढेको छ । इलामको बिभिन्न स्थानबाट प्रहरीले अबैध मदिरा नियन्त्रणमा लिएको छ । इलाम नगरपालिकाको जिरो किलोमिटर, फिक्कल र मानेभञ्ज्याङबाट प्रहरीले अबैध भारतीय सिक्किमे मदिरा बरामद गरी नियन्त्रणमा लिएको हो ।

इलाम-७को जिरोकिलोमिटरमा नियमित चेकजाँचको क्रममा एक सय २३ बोतल भारतीय सिक्किमे मदिरा बरामद भएको छ भने मानेभञ्याङ र फिक्कलको बिभिन्न होटलबाट पनि मदिरा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । मदिरा ओसारपसारमा प्रयोग भएको मे१ज २१७६ नम्बरको मारुती भ्यान र त्यसका चालक सूर्योदय नगरपालिका-२का २९ बर्षका पूर्णकुमार तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

त्यसैगरी प्रहरीले जिल्लाकै सूर्योदय-१० नयाँचोकस्थित कल्पना तामाङले सञ्चालन गरेको जिम्बा होटल, डम्बर प्रधानले सञ्चालन गरेको एभरेष्ट होटल र पदम प्रधानको होटलबाट भारतीय मदिरा सिक्किमे मक्स बरामद गरेको छ । लुकाइछिपाइ राखेको बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट प्रहरी निरीक्षक रमेश राईको कमाण्डमा खटिएको टोलीले होटलहरुमा खानतलासी गरेको जनाइएको छ ।

सो क्रममा जिम्बा होटलबाट एक सय ४१ बोतल, एभरेष्ट होटलबाट ४८ बोतल र प्रधानको होटलबाट ४८ बोतल गरी जम्मा दुई सय ३७ बोतल भारतीय सिक्किमे मक्स नामको मदिरा बरामद भएको हो । बरामद गरिएका सामग्री प्रहरीले करदाता सेवा कार्यालय इलाममा बुझाइएका जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी लालध्वज सुबेदीले बताए ।

त्यस्तै इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको टोलीले सोमबार बिहानको राति मानेभञ्ज्याङ नजिकैको जंगलमा भारतबाट नेपालतर्फ लुकाइछिपाइ ल्याउँदै गरेको अन्दाजी मूल्य एक लाख ३६ हजार चार सय ८० रुपैयाँ बराबरको ३० कार्टुन इण्डीयन रेडबुल र पाँच कार्टुन भाँडा माझ्ने साबुन पनि बरामद गरेको छ । बरामद भएका सबै सामानहरु करदाता सेवा कार्यालय इलाममा आवश्यक कारवाहीको लागि पठाइएको प्रहरीले जनाएको छ ।




**नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड**
केन्द्रीय कार्यालय गजुरी, धादिङको

**ध्यानाकर्षण**

यस नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको वित्तीय संस्था हो । यसले देशका ४६ जिल्लामा ८ वटा इलाका कार्यालयमार्फत ७८ वटा शाखाबाट ८० हजारभन्दा बढी विपन्नवर्गका महिलाहरुलाई विभिन्न किसिमका वित्तीय सेवा प्रदान गर्दै आइरहेको व्यहोरा अवगत गराउँदछौं ।

यसै सन्दर्भमा झापा जिल्लामा रहेका ६ वटा कार्यालयहरुमध्ये उपशाखा कार्यालयबाट कार्यालय प्रमुखको रुपमा कार्यरत श्री डम्बरबहादुर राजवंशीले संस्थाको नीति नियम विपरीत कम व्याज असुली देखाई गैरकानूनी रुपले रु. १,०७, ७६१।– (अक्षरेपी एक लाख सात हजार सात सय एकसठ्ठी मात्र) रकम हिनामिना गरेको, आन्तरिक लेखापरीक्षण कार्यमा अवरोध गरेको एवम् आन्तरिक लेखापरीक्षकहरुलाई कुटपिट कार्यमा समेत संलग्न देखिएकोले निजलाई मिति २०७६।०७।१४ गते संस्थाबाट बरखास्त गरी निजले गरेको अनियमितता एवम् हिनामिनाको सम्बन्धमा संस्थाले थप खोजतलास तथा अध्ययन गरेको थियो ।

संस्थाले असुलीको क्रममा सदस्यहरुसँग भेटघाट तथा छलफल गर्ने क्रममा निज डम्बरबहादुर राजवंशीले उक्त शाखामा कार्यरत रहेको अवस्थामा विभिन्न महिला सदस्यहरुको नाममा किर्ते कागजात बनाई रु. २३,६२,६९१।– (अक्षरेपी तेइस लाख बैसठ्ठी हजार छ सय एकान्नब्बे मात्र) रकम हिनामिना गरेको देखिएबाट सदस्यहरुलाई कार्यालयमा भेला गराई छलफल पश्चात सदस्यहरुको लिखित उजुरी समेत प्राप्त भएको आधारमा निज राजवंशीलाई नियन्त्रणमा लिई बैंकिङ कसुर अन्तर्गत कावाही गर्न मिति २०७७।०६।०८ गते जिल्ला प्रहरी कार्यालय भद्रपुर, झापामा जाहेरी दरखास्त पेश गरिएको छ ।

उल्लेखित घटनामा कुनै एक व्यक्तिको गलत क्रियाकलापको विरुद्ध कानून बमोजिम कारवाहीको लागि संस्था नै अग्रसर भएको अवस्थामा विभिन्न सञ्चारमाध्यमबाट संस्थालाई नै दोषी करार गर्दै संस्थाविरुद्ध संस्थाको साखमा आँच आउने विभिन्न किसिमका समाचार सम्प्रेषण भएकोमा यस संस्थाको गम्भीर ध्यानाकर्षण भएको व्यहोरा सरोकारवाला सबैमा हार्दिक अपिल गर्दछु ।

**उपेन्द्रबहादुर कार्की : प्रमुख कार्यकारी अधिकृत**

**नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड**
केन्द्रीय कार्यालय गजुरी, धादिङ

## खानेपानी अवरूद्ध

**झापा, असोज १२।** गौरीगञ्ज खानेपानीबाट वितरण हुँदै आएको खानेपानी तीनदिनदेखि अवरूद्ध छ ।

गौरीगञ्ज खानेपानीको कार्यालय अगाडिको मूल गेटमा रहेको मुख्य पाइप फुट्दा खानेपानी वितरण अवरूद्ध भएको हो । त्यसबाट गौरीगञ्ज क्षेत्रका करिब ४ सय उपभोक्ता प्रत्यक्ष प्रभावित भएका छन् ।

खानेपानी वितरण तीनदिनदेखि अवरूद्ध

(बाँकी अन्तिम पृष्ठमा)






# अर्जुनधारामा डा. केसी र कुलमानको समर्थनमा प्रदर्शन

**बिर्तामोड, असोज १२।** नेपाली कांग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघले डा. गोबिन्द केसी र कुलमान घिसिङको समर्थनमा बिरोध प्रदर्शन गरेको छ ।

नेविसंघ अर्जुनधारा नगरसमितिले आयोजना गरेको विरोध सभामा डा. गोविन्द केसीको जीवन रक्षा र कुलमान घिसिङको पुनः नियुक्तिको माग समेत गरेको छ ।

पाठ्यक्रम विकास वोर्डलाई दिएको निर्देशन फिर्ता गर, हुम्लाको लाप्चा क्षेत्रमा भएको चिनियाँ अतिक्रमण बन्द गर लगायतका नारासहित विद्यार्थीहरुको प्रदर्शन नगरपरिक्रमा पछि देवकोटा चौकमा पुगेर सभामा परिणत भएको थियो ।

नेविसंघ अर्जुनधारा नगर समिति सभापति दीपिन धिमालको अध्यक्षतामा भएको बिरोध सभामा नेपाली कांग्रेसका केन्द्रीय विभाग समिति सदस्य मदन बुढाथोकी, जिल्ला सदस्य सरस्वती सिटौला, कांग्रेस अर्जुनधारा नगर सभापति हेमराज खरेल, नेपाल महिला संघ नगर सभापति लीलादेवी कटुवाल, क्षेत्रीय सदस्यहरु शेखर बन, केदार खड्का लगायतको सहभागिता थियो ।

## बगेर र लडेर दुई जनाको मृत्यु

**उदयपुर, असोज १२।** उदयपुर रौतामाई-२ बस्ने ५५ बर्षीया मैया लुङ्गेली मगरलाई खोलाले बगाउँदा उनको मृत्यु भएको छ ।

माइतबाट फर्कने क्रममा सोही स्थानमा रहेको रसुवा खोला तर्दै गर्दा उनलाई खोलाले बगाएको थियो । झण्डै दुई सय मिटरसम्म खोलाले बगाएपछि झाँडीमा अड्केको अवस्थामा मैयाको शव फेला परेको भनी स्थानीयले प्रहरीमा खबर गरेका थिए ।

घटनाको जानकारी पाउनासाथ गएको प्रहरी टोलीले अनुसन्धान गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

उता ओखलढुंगा मोलुङ-७ बस्ने ७१ बर्षीय पासाङ सेर्पाको लडेर मृत्यु भएको छ ।

आइतवार आफ्नै घरको भर्‍याङबाट ओर्लने क्रममा अचानक लड्दा सेर्पाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# सामाजिक सेवा दिवस साताव्यापी

**तुलसीप्रसाद निरौला**

**विर्तामोड, असोज १२।** झापामा ४१औं सामाजिक सेवा दिवस सप्ताहव्यापी कार्यक्रम गरी मनाइएको छ । सामाजिक सेवा दिवसको अवसर पारेर झापाको मेचीनगर नगरपालिका-७ स्थित जागृत बाल उद्धार केन्द्रमा रहेका १४ जना बालबालिकालाई खाद्यान्न सामग्री वितरण गरिएको छ ।

लुथरन विश्व फेडेरेसन नेपालको सहकार्य तथा न्याय तथा विकासका लागि सामाजिक संजाल र गैरसरकारी महासंघ झापाको आयोजनामा मेचीनगर नगरपालिका वडा नं. ७स्थित जागृत वाल उद्धार केन्द्रमा रहेका अनाथ, पारिवारिक विचलन भएका संखुवासभा, ताप्लेजुङ्ग, तेह्रथुम, भोजपुर लगायतबाट उद्धार गरी ल्याइएका १४ जना बालबालिकालाई चामल, दाल, नुन, तेल, फलफूल लगायतका सामग्री वितरण गरिएको थियो ।



गैरसरकारी महासंघ झापाका अध्यक्ष हरि गौतमको अध्यक्षता तथा जिल्ला समन्वय समिति झापाकी उपप्रमुख मिना पराजुलीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा गैसस महासंघका केन्द्रीय सदस्य छविलाल खतिवडा, न्याय तथा विकासका लागि सामाजिक सञ्जालका कार्यक्रम संयोजक कुमार चुडाल लगायतले उक्त सामग्री वितरण गरेको न्याय तथा विकासका लागि सामाजिक सञ्जालका प्रतिनिधि रञ्जन धमलाले जानकारी दिए ।

सामाजिक सेवा दिवसको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत यसअघि लुथरन विश्व फेडेरेसन नेपाल, न्याय तथा विकासका लागि सामाजिक सञ्जाल र गैसस महासंघ झापाको आयोजनामा मेची अस्पतालको आइसोलेसनमा रहेका २८ जना विरामीहरुलाई फलफूल वितरण गरिएको गैसस महासंघ झापाका अध्यक्ष गौतमले जानकारी दिए ।

त्यस्तै लुथरनकै सहकार्य तथा न्याय तथा विकासका लागि सामाजिक सञ्जालले झापा गाउँपालिका तथा गौरीगञ्ज गाउँपालिकामा रहेका अपाङ्गता भएका दुई सय २० जना महिलाहरुलाई डिग्निटी किट्स प्रदान गरेको न्याय तथा विकासका लागि सामाजिक सञ्जालका अध्यक्ष सोमनाथ भट्टराईले जानकारी दिए । डिग्निटी किट्समा लुगाधुने सावुन, नुहाउने सावुन, चप्पल, ब्रश, पेस्ट, झोला, काइँयो, नेल कटर, सिटी, टर्च लाइट, पुनः प्रयोग गर्न मिल्ने सेनेटरी प्याड लगायतका सामग्री रहेको थियो ।

झापा गाउँपालिकाकामा भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष जयनारायण साह, उपाध्यक्ष कुन्ती बुढाथोकी, लुथरन विश्व फेडेरेसनका कार्यक्रम अधिकृत यज्ञमूर्ति गौतम, अपाङ्गता समावेसी विकास समिति झापा अध्यक्ष रामराज गणेश, मानव अधिकारकर्मी दीपक दास लगायतले सामाग्री हस्तान्तरण गरेका थिए ।

कार्यक्रमको सञ्चालन झापा गाउँपालिकाका प्रशासन अधिकृत हिमाल मिश्रले गरेका थिए । त्यस्तै गौरीगञ्ज गाउँपालिकामा भएको कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष दिपीन्द्र थापा, प्रमुख प्रशासकीय अधिकृत राजु दाहाल, गौरीगञ्ज अपाङ्गता सहयोग समितिका अध्यक्ष शेरमान बुढाथोकी लगायतले उक्त सामग्री हस्तान्तरण गरेका थिए ।

सोही कार्यक्रममा स्वास्थ्यकर्मीहरु राधिका ढुङ्गाना, विनीता तामाङ र प्याडयात्राकी अभियन्ता प्रकृति न्यौपानेले पुन : प्रयोग गर्न मिल्ने सेनेटरी प्याड प्रयोग गर्ने तरिका र यसको फाइदाको वारेमा सहजीकरण गरेको न्याय तथा विकासका सामाजिक सञ्जालका अध्यक्ष भट्टराईले जानकारी दिए ।

# तिब्बतबाट आउने ब्वाँसोबाट भेडा जोगाउनै मुस्किल

**दिलकुमार लिम्बू**

**ताप्लेजुङ, असोज १२।** मुलुक नै कोरोनाविरुद्धको लडाइँमा केन्द्रित रहेको बेला फुङ्लिङका गोपाल विष्टलाई भने भेडा कसरी जोगाउने भन्ने चिन्ता छ ।

पछिल्लो महिना दिनमा ३५ वटाभन्दा धेरै भेडा तिब्बताबाट आएका ब्वाँसोले खाइदिएको उनले सुनाए । खर्कमा रहेका भेडालाई जंगलबाट आएका ब्वाँसोले मार्ने गरेका छन् । 'कोरोनाको त डर छैन । तर, ब्वाँसोको डर चौबीसै घण्टा छ'- उनले भने- 'समूहमा आउने ब्वाँसाले ठूलो बथानमा रहेका भेडा थाहै नपाई खाइदिन्छन् ।'

उनीसहित तीन जना हाल भेडीगोठ लिएर बस्तीभन्दा टाढा रहेको 'सेलेले' खर्क पुगेका छन् । यहाँबाट नजिकको बस्ती घुन्सा पुग्न एक दिन लाग्छ । कञ्चनजंघा पदमार्गमा पर्ने भए पनि सेलेलेमा यसपाली पर्यटक नआएपछि मानिसको चहलपहल छैन । केही भेडीगोठ र चौरीगोठ मात्रै छन् । उनीहरुलाई चौबीसै घण्टा भेडा ब्वाँसोबाट तलमाथि हुने मात्र चिन्ता छ ।

ब्वाँसाको समूहले गोठालाको आँखा छलेर आक्रमण गर्ने उनले सुनाए । गोठमा चार सयभन्दा धेरै भेडा भएकाले जोगाउन कठिन हुने गरेको छ । गत वर्ष सोही स्थानमा ब्वाँसोले ३० वटा भेडा एकैदिनमा खाएको थियो । भेडा खानुअघि खेदाउँदा भाग्ने भए पनि भेडा खाएर रगतले मातेपछि भने मान्छेलाई नै आक्रमण गर्ने गोठालाहरु बताउँछन् ।

'एउटा दुइटा त दिनहुँ मार्थ्यो'- अर्का गोठाला कमल विष्टले भने- 'जंगलमा भेडा खान पल्किएका ब्वाँसाको बिगविगी अहिले पनि उस्तै छ ।' कमलका गोठमा सो समय ४ सय ५० हाराहारीमा भेडा थिए । त्यसमध्ये ७०



वटा भर्खरै खरिद गरेर ल्याइएको थियो । एउटालाई १० हजारदेखि १७ हजार रुपैयाँसम्म परेको थियो ।

**घाँसको पनि अभाव**

भेडा पालकलाई ब्वाँसोको मात्रै होइन घाँसको पनि पीर छ । 'हिमालको फेदतिर अलि बढी घाँस पाइन्छ, त्यहाँ ब्वाँसोले सखाप पार्ने चिन्ता छ'- अर्का भेडा पालक गणेश विष्टले भने- 'तल्लो क्षेत्रमा घाँसै पाइँदैन ।'

वर्खा लागेसँगै औलमा घाँस सकिन्छ । गर्मी बढ्छ । हिउँदमा औल झरेका भेडा उकालो लाग्छन् । बैसाखयता भेडीगोठ लेक चढेका हुन् । फावाखोला, तापेथोक, सेकाथुम, हेल्लोक, आम्जिलेसा, एसाङ, घुन्सा हुँदै भेडा सेलेले पुऱ्याएको उनीहरुले बताए । घाँस खुवाएर नसकिने भएकाले चरनको माध्यमबाट पालिने भेडालाई बर्खाको तुलनामा हिउँदमा रुँग्न कठिन हुन्छ ।

वर्खामा घाँस प्रशस्तै पाइन्छ भने हिउँदमा कम । वर्खामा पाँच सयको संख्यालाई एउटै गोठमा राखे पनि हिउँदमा भने धेरै ठाउँमा डुलाउनुपर्छ । त्यसैले दुई गोठलाई एउटै बनाएर भेडा पाल्ने गरेका छन्- स्थानीयले । चरनको पनि अभाव छ, तस्करपछि दोस्रो चुनौति घाँसको हो- गोपालले भने- जिल्लामा खाली जग्गा प्रशस्त छ, त्यसलाई घाँसे मैदान बनाउने नीति सरकारले लियो भने हामी जस्ता पशुपालकलाई फाइदा हुन्छ ।

भेडालाई हैजाको प्रकोपले समेत सताउने गर्छ । कहिलेकाहिँ बिरामी भए पशु चिकित्सक पाइँदैन, परम्परागत विधि प्रयोग गर्नुपर्छ । एउटा विरामी भए अरूलाई पनि सताइहाल्ने भएकाले रोग नियन्त्रण चुनौति हुने भेडापालक बताउँछन् ।

व्यक्तिको चरन भएको ठाउँमा जमिन मल्दिए पुग्छ । सामुदायिक वनमा भने शुल्क तिर्नुपर्छ । मासिक ५ देखि १२ हजार रुपैयाँसम्म शुल्क तिर्नुपर्ने उनले सुनाए । फावाखोलासहित मैवाखोला, मेवाखोला, लिंखिम, आङ्खोप, याम्फुदिन बढी भेडापालन हुने ठाउँ हुन् । तर, पछिल्लो समय धेरैले गोठ रित्याएको फावाखोलाकै भीम विष्टको भनाइ छ । म गोठमा बसेरै हुर्किएको हुँ, पहिले घरैपिच्छे गोठ थिए, छोराछोरी अन्यत्रै लागेपछि मैले छोडें, अहिले दुई वटा गोठ मात्रै छन्- भीमले भने ।

### झापामा ...

आकस्मिक कक्षमा पुऱ्याइएको थियो ।

**कमल गाउँपालिकामा अस्थाई कोभिड अस्पताल**

कमल गाउँपालिकामा अस्थाई कोभिड-१९ अस्पतालको निर्माण गरिएको छ । संघीय सरकारको १० लाख, प्रदेश सरकारको पाँच लाख र कमल गाउँपालिकाको समेत २१ लाख रुपैयाँमा अस्पताल तयार गरिएको हो । अस्पतालको उद्घाटन प्रदेश नं. १ आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्कीले सोमबार गरेका छन् ।

गाउँपालिकाको वडा नम्बर ५ स्थित सशस्त्र प्रहरी बल पाथीभरा गण छेउमा रहेको अस्पताल सञ्चालनमा आएको हो । अस्पताल तत्काल पाँच बेडको आईसोलेसनसहित सञ्चालनमा ल्याइएको र तीन महिनापछि कार्यप्रगतिको आधारमा आवश्यक बेड थप गर्दै लगिने गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताइन् ।

नेपाल सरकारले अस्पताल नभएका स्थानीय तहमा न्यूनतम् पाँच बेडको कोभिड-१९ अस्पताल सञ्चालन गर्ने निर्देशन भएअनुसार कमल गाउँपालिकाले प्रदेश नम्बर १ मा सबैभन्दा पहिले अस्पताल सञ्चालनमा ल्याएको गाउँपालिकाले जनाएको छ । अस्पताल सञ्चालनका लागि तत्काल एमबीबीएस डाक्टर एक जना, स्टाफ नर्स दुई जना र कार्यालय सहयोगी एक जना नियुक्त भइसकेको र आवश्यक परेमा गाउँपालिकाले थप कर्मचारी परिचालन गर्ने अधिकृत सुवास श्रेष्ठले जानकारी दिए ।

**बजार बन्द गरेर कन्ट्याक ट्रेसिङ**

यसैबीच कनकाई-९ को घैलाडुब्बा बजार बन्द गरेर कन्ट्याक ट्रेसिङ गरिएको छ । घैलाडुब्बाका ४४ वर्षीय पुरुषको आइतबार कोरोना संक्रमणबाट मृत्यु भएपछि उनको सम्पर्कमा आएकाहरुको कन्ट्याक ट्रेसिङ गरिएको हो ।

संक्रमितको सम्पर्कमा आएका अन्य व्यक्तिमा समेत संक्रमण हुनसक्ने भएकाले कन्ट्याक ट्रेसिङ गरिएको बताइएको छ । घैलाडुब्बा बजारमा सागसब्जी व्यापार गर्दै आएका ती पुरुषमा कोरोनाको लक्षण देखिएपछि परीक्षणका लागि मेची प्रादेशिक अस्पताल लगिएको थियो ।

सुगर र प्रेसरका बिरामी रहेका उनको रिपोर्ट पोजेटिभ आएपछि उपचारका लागि विराटनगर लगिएकोमा शनिबार मृत्यु भएको हो । उनी आदर्श मावि घैलाडुब्बामा कार्यरत् कर्मचारी समेत थिए । सोमबारबाट एक साताका लागि घैलाडुब्बा बजार पूर्णरुपमा बन्द गरिएको कनकाई-९ का वडाध्यक्ष प्रेमप्रसाद राजवंशीले जानकारी दिए ।

### खानेपानी ...

हुँदा समेत गौरीगञ्ज खानेपानी उपभोक्ता समितिले आधिकारिक सूचना प्रकाशित गरेको छैन । जसबाट आम उपभोक्ता मारमा परेका छन् । खानेपानी कार्यालयको मूल गेटमा मुख्य पाइप जडान गर्ने क्रममा ठूलो खाल्टो भएकोले समस्या आएको समितिका सचिव गंगा राजवंशीले बताए ।

यसअघि पनि खानेपानी वितरणमा कुनै समस्या आए उपभोक्तालाई जानकारी सूचना नदिने गरेको स्थानीय उपभोक्ताले बताएका छन् । गौरीगञ्ज खानेपानी उपभोक्ता समितिका सचिव राजवंशीले समितिसँग उपभोक्ता सबैको फोन नम्बर रेकर्ड भए पनि सूचना गर्न नसकेको स्वीकार्दै अबदेखि यस विषयमा ध्यान दिने बताए ।

पिउने पानीको व्यवस्थापनको अन्य विकल्प नरहेका गौरीगञ्जका धेरैजसो सरकारी कार्यालयहरू गौरीगञ्ज खानेपानी उपभोक्ता समितिले वितरण गर्दै आएको खानेपानीकै भरमा छन् । खानेपानी अवरूद्ध हुँदा सरकारी कार्यालयहरूमा आउने सेवाग्राहीसहित कर्मचारीहरूलाई पनि समस्या भएको छ ।

### गौरादहमा ...

५ पातोका ७३ वर्षीय बिन्देश्वर शर्मालाई सप्तरी प्रहरीले सोमवार सप्तरी जिल्ला अदालतमा बुझाएको छ । सप्तरी जिल्ला अदालतका न्यायाधीश विनोदकुमार गौतमको इजलासले २०७३ भदौ २७ गते आरोपितहरुलाई जनही १० दिनको कैद र रु. ५०० जरिवानाको फैसला गरेका थिए । फैसलापछि अभियुक्तहरु फरार थिए ।

आरोपितहरुले ०७३ साल वैशाख १८ गते घेरा हाली बलात्कार प्रयास गरेको भन्दै पीडितले प्रहरी चौकी पातोमा उजुरी दिएका थिए । प्रहरीले कारबाही अगाडि नबढाएपछि पीडितले जिल्ला अदालतमा वैशाख २८ गते आशय करणीको मुद्दा दर्ता गराएका थिए ।

### कैदीबन्दीलाई ...

सामग्री उपलब्ध गराएको छ ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनामार्फत नेपाल रेडक्रस सोसाइटी झापाले कारागारका कैदीबन्दीका लागि स्वास्थ्य सामग्री उपलब्ध गराएको हो ।

कारागारमा रहेका कैदीलाई कोरोना संक्रमण देखिएपछि उच्च सतर्कता अपनाए पनि क्षमताभन्दा तीन गुण बढी कैदी रहेकाले नेपाल रेडक्रस सोसाइटी झापाले स्वास्थ्य सामग्रीसहित १० वटा बाल्टिन, १० लिटर हाइपोक्लिराइड, एकथान हाते माइक, साबुन दुई कार्टुन, पीपीई १५ थान उपलब्ध गराएको हो । नेपाल रेडक्रस झापाका सभापति लोकराज ढकालले सबै सामग्री प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेका छन् । प्रदान गरिएको स्वास्थ्य सामग्रीहरुमा सेनिटाइजर पाँच लिटर, मास्क पाँच सय थान समेत रहेको छ ।

यसैबीच कनकाई र अर्जुनधारा नगरपालिकाका दुई जना सुस्त मनस्थितिका बालबालिकालाई जनही पाँच हजार रुपैयाँको दरले रकम प्रदान गरिएको छ । त्यस्तै सुबोध अनाथालय मेचीनगरलाई पाँच थान खाट प्रदान गरिएको छ । रेडक्रस झापाले बाह्रदशी गाउँपालिकामा क्वारेन्टाइनमा रहेका २ र १० वर्षे बालकलाई दुई/दुई हजार रुपैयाँ बराबरको पोषण सामग्री प्रदान गरेको नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति लोकराज ढकालले जानकारी दिए ।

**सूचना सच्याइएको**

मिति २०७७ असोज १२ गते पूर्वाञ्चल दैनिकको अन्तिम पृष्ठमा प्रकाशित अर्जुनधारा नगरपालिकाको Request for Sealed Quotation सम्बन्धी सूचनामा Date of 2nd Publication 28th September 2020 हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

– व्यवस्थापक

**खुशीको खबर**

ब्रा, पेन्टी, कुर्ता सलवार, मेक्सी, जिन्स पेन्ट–सर्ट लगायत सम्पूर्ण लेडिज सामानहरु अब एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाइन्छ । साथै होलसेल तथा खुद्रा दुबै कारोबार गरिन्छ ।

**अन्सिका मन्चेडाइज एण्ड सप्लायर्स सिटी सेन्टर**

बिर्तामोड झापा

प्रो. युवराज गिरी /दुर्गा गिरी

फोनः ९८५२६७३२६९, ९८१४९९१६६८

**मेचीनगर नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

इटाभट्टा, झापा

प्रदेश नं. १ नेपाल

**घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

मेचीनगर नगरपालिका वडा नं. ६ बस्ने श्री पुष्पराज ढुंगेलले निजको नाममा दर्ता रहेको साविक मेचीनगर–१० हाल मेचीनगर–६ स्थित भानु टोल ग्राभेल मार्गमा पर्ने कि.नं. ५८८ क्षेत्रफल ०–०–४ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिणतर्फका सँधियार श्री फुर्वा शेर्पा मिति २०७७/०६/१२ मा साँध–सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध–सधियार, बाटो, नदिनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न आएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक मेनपा–१० हाल मेचीनगर–६ कि.नं. ५८८ क्षेत्रफल ०–०–४ | लम्बाई १३०५८ वर्गफिट चौडाई ५१८२ वर्गफिट उचाई ६००० वर्गफिट क्षेत्रफल १३५.३२ वर्गमिटर | पूर्व श्री यामबहादुर शिवा (ऐलानी) पश्चिम श्री बाटो उत्तर श्री प्रेमकुमार प्याकरेल दक्षिण श्री फुर्वा शेर्पा |

सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.को

**जग्गा खरिद सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना**

यस सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिको मिति २०७०।०६।१० गते बसेको बैठकको निर्णय अनुसार गठित जग्गा खरिद उपसमितिको मिति २०७७।०६।११ गते बसेको बैठकको निर्णयअनुसार तपशिलमा उल्लेख भएका स्थानहरुमा निम्न मापदण्डभित्र रहेर बोलपत्र माग गर्ने निर्णय भएकोले इच्छुक जग्गाधनीहरुले तोकिएको मापदण्ड अनुरुपको जग्गा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थाको सम्बन्धित सेवा केन्द्रहरुमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) सेवाकेन्द्र धुलावारीका लागि मुख्य चोक धुलावारीबाट ५०० मिटर महेन्द्र राजमार्ग आसपास वा चोकबाट उत्तर दक्षिण, स्थानीय तहको मापदण्ड अनुरुपको बाटो भएको न्यूनतम् ०–०–१५ धुरदेखि ०–१–० कठ्ठासम्म क्षेत्रफलमा न्यूनतम् ३५ फिट मुख भएको जग्गा हुनुपर्नेछ ।

२) सेवा केन्द्र बुधवारेका लागि बुधवारे मुख्य चोकबाट ५०० मिटर आसपासका जग्गा स्थानीय तहको मापदण्ड अनुसार बाटो भएको न्यूनतम् ०–०–१५ धुरदेखि ०–१–० कठ्ठा क्षेत्रफल भएको न्यूनतम् ३५ फिट मुख भएको जग्गा हुनुपर्नेछ ।

**संलग्न कागजातहरुः**

१) हस्तलिखित निवेदन ।
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
३) जग्गाधनी प्रमाणप पत्रको प्रतिलिपि ।
४) मालपोत तिरेको रसिद (चालू आर्थिक आ.व.को)
५) जग्गाको प्रमाणित नक्साको प्रतिलिपि ।
६) चार किल्ला प्रमाण ।

*पुनश्चः हस्तलिखित निवेदनका साथमा जग्गाको मुख खोलेको हुनुपर्नेछ । निवेदन दस्तुर रु. १०००/– फिर्ता हुने छैन । कोटेशन माग खामबन्दी गरी गोप्य रुपमा पेश गर्नुपर्नेछ ।*

**आकर्षक घडेरी बिक्रीमा**

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन् ।

**सम्पर्क : ९८५११४४९४९**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्न परेमा हामीलाई सम्फकनहोस ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# जटिलता कम गर्न लागौं

झापामा कोरोना संक्रमणका कारण आइतबार एकजनाको मृत्यु भएको छ । कन्काई नगरपालिका–९ का एक व्यक्तिको मृत्यु भएसँगै संक्रमणबाट ज्यान गुमाउनेको संख्या झापामा सात पुगेको छ । यसैगरी देशभरमा आइतबारसम्मको आधिकारिक तथ्यांक अनुसार चार सय उनन्तीस जनाले ज्यान गुमाएका छन् । असोज लागेयता देशभरमा औशत आठ जनाले यसकै कारण जीवन गुमाउनु परेको अवस्था र संक्रमणको बढ्दो दर आम नेपालीकै लागि भयपूर्ण छ । अनि पनि नेपालीको दैनिकी र आनीबानीमा सुधार आएको छैन । संक्रमण दरको तुलनामा निको हुने दर न्यून रहेको र संक्रमितमध्ये गम्भीर अवस्थामा जानेको संख्या बढ्दै गएको कारणले सबैलाई सोच्न बाध्य बनाउनुपर्छ ।

पछिल्लो तथ्यांकले देशभर सक्रिय संख्या उन्नाइस हजार नाघेको छ । यही अवधिमा रहेका संक्रमितको प्रतिशत झण्डै छब्बीस छ भने भुटानमा चौबीस दशमलव सात, बंगलादेश, भारत, अफगानिस्तान, माल्दिभ्स, श्रीलंका हुँदै सबैभन्दा कम पाकिस्तानमा दुई दशमलब पाँच प्रतिशत रहेको छ । यसले समेत सार्क मुलुकमध्ये नेपाल सर्वाधिक जोखिममा रहेको देखाएको छ । स्वास्थ्य विभागका विज्ञ तथा चिकित्सकहरुले पनि पहिला देखिएको संक्रमणको तुलनामा कोरोना भाइरसको प्रकृति बदलिएको बताएका छन् । संक्रमित र मृत्युदर बढ्दै जानुका पछि हामीकहाँ स्वास्थ्य सेवाको पहुँच र उपचार नहुनु नै मुख्य कारक रहेको जानकारहरु नै बताउँछन् । जुन कुरा दिनहुँका घटनाहरुले सिद्ध गरिरहेका छन् र मृत्यु दरको बढ्दो ग्राफले पनि पुष्टि गर्दैछ ।

नेपालमा त्यही अवधिमा झण्डै चौवन्न हजार जनाले कोरोनालाई जितेका छन् । तर, यो संख्या सार्क राष्ट्रमध्येको सबैभन्दा कम हो । पाकिस्तान निको हुने देशको सूचीमा सबैभन्दा माथि अर्थात् ९५.४ प्रतिशत छ भने त्यसपछि श्रीलंका ९४.४, माल्दिभ्स ८६.६, अफगानिस्तान ८३.२, भारत ८२.१, भुटान ७५.३, बंगलादेश ७४.८ र नेपालमा ७३.४ प्रतिशत मात्र छ । अन्य देशमा संक्रमितहरुबाट विशेष औषधि खुवाइने गरेकोले निको हुने दर बढिरहेको हुनसक्ने चिकित्सकहरु बताउँछन् । तर, हामी कहाँ न संक्रमणको पहिचान गर्न सहज छ, न त स्वास्थ्य सावधानी अपनाउन आम नागरिक सचेत भइरहेका छन् । आज पनि भीडभाड उत्तिकै छ, अनावश्यक आवागमन बढिरहेको छ, स्वास्थ्यको मापदण्डको पालना नगर्ने समूह त्यत्तिकै छ । सरकारी संयन्त्रहरुले नै स्वास्थ्य सुरक्षाको मापदण्डको पालना नगरेको अवस्थामा जटिलता घट्ने कुरै भएन । यसकै परिणाम हो कि अवस्था जटिलतातर्फ जाँदैछ, निको हुने दर घट्दै छ, मृत्यु दर बढ्दैछ । यसलाई रोक्ने नै हो भने प्रत्येकले सावधानी अपनाएर मापदण्डको पालना गर्नैपर्छ । अन्यथा सार्क मात्र होइन विश्वकै तथ्यांकलाई उछिन्ने निश्चित छ ।

# कहिले होला कोरोनाको अन्त्य ?



**उदय मैनाली**

कोरोना भाइरस (कोभिड-१९) महामारी फैलिएको पनि महिनौं भइसक्यो । तर, यो महामारीले बिदा लिने संकेत अहिलेसम्म देखाएको छैन । यस महामारी कहिले शान्त होला त ? सबैको मन मष्तिस्कमा यही प्रश्नले डेरा जमाएको छ । सन् २०२० को शुरुदेखि नै विश्वका हरेक मानिसको जिज्ञासाको विषय बनेको कोरोना महामारी समग्रमा मानव जाति र मानव सभ्यताका लागि चुनौतिको विषय बनेको छ । यसको उचित र सन्तोषजनक अवतरणको प्रतिक्षामा छ समग्र विश्व ।

यस प्रकारका विश्लेषण र धारणा खासै प्रमाणित र सत्य सावित हुन नसकिरहेको अवस्थामा यस प्रकारका धारणाहरुलाई राजनीतिक टिप्पणी मात्र भन्दा फरक नपर्ने कतिपयको तर्क रहेको छ । साथै एउटा निश्चित रुप पार गरेपछि आफैं यस महामारीले छाड्दै जान्छ भन्ने कतिपयको बुझाइ पनि यथार्थमा असत्य नै सावित भयो ।

बटलर विश्वविद्यालयका पब्लिक हेल्थ स्पेसियालिष्ट सहप्राध्यापक ओग्बोन्नाया आमेन्काको विचारमा पनि कुनै पनि फ्लू चिसो मौसममा शुरु भएर गर्मी मौसममा अन्त्य हुन्छन् । तर, यहाँ त समर सिजन सकिएर विन्टर सिजन बित्ने बेला भयो । तर, दिनानुदिन झन् बढ्दो क्रममा रहेको यस महामारीले अझ कतिको ज्यान लिने हो हेर्न बाँकी नै छ । यस बाहेक अफ्रिकी मुलुकहरुमा पनि संक्रमण देखिनुले यस भाइरसलाई तातो वा चिसोले त्यति फरक पार्ला भनेर भन्न सकिने अवस्था छैन । बरु विज्ञहरुले सरकारहरुलाई दिएको सुझाव बमोजिम स्वास्थ्य सम्बन्धी मापदण्ड कडाइका साथ पालना गर्दै हाम्रो दैनिक व्यवहार र आनिबानीमा चलाखीपूर्ण सुधार गरेमा र प्रयोग गर्न करिब एक वर्षभन्दा बढी नै लाग्ने देखिन्छ । किनकि खोपको विकास अझै पनि शुरुवाती चरणमा छ । बीबीसीमा उल्लेख भए अनुसार कम्तिमा १२ देखि १८ महिनासम्ममा खोप विकास र परीक्षण भए पनि यसको आमस्तरमा पुग्न अवष्य पनि अर्को वर्ष दिन लाग्छ । अर्को ठूलो उपाय भनेको रोग प्रतिरोध क्षमता बढाउनु हो । केही विज्ञहरुका अनुसार अझै केही बर्ष यो संक्रमण कायम रहने हो भने मानव शरीरमा यसको प्रतिरोधी क्षमता स्वतः बढ्दै जाने हुन्छ । तर, त्यतिबेरसम्ममा यो महामारीले धेरै मानिसको ज्यान दिइसकेको हुनेछ ।



विद्यालय बन्द छन्, लामो यात्रा र पर्यटनमा बन्देज छ, ठूलो संख्यामा भेला हुन पाइँदैन, सभा सम्मेलन, भेटघाट, सेमिनार, छलफल सबै ठप्प छन् । व्यापार-व्यवसाय, दैनिक ज्यालादारीमा काम गर्ने जनसंख्या सबैको आयआर्जन ठप्प छ । विज्ञदेखि सरकारसम्म यस महामारीको नियन्त्रण र उपचारका विकल्पहरुको खोजीमा व्यस्त छन् ।

विश्व स्वास्थ्य संगठन र सरुवा रोग विशेषज्ञहरुको मत र धारणा पनि एकआपसमा बाझिने किसिमको आइरहेको परिप्रेक्षमा के विश्व स्वास्थ्य संगठनले भने जस्तै यही समर सिजनसम्ममा यस महामारीबाट हामीले छुटकारा पाउनेछौं त ? कतिपय विशेषज्ञका अनुसार यो महामारी केही दशक अगाडिको सार्स महामारीसँग तुलना गर्दै सिमित समयभन्दा लामो नरहने विश्वास गर्दछन् । कतिपयले यो भाइरस गर्मी मौसममा बाँच्न नसक्ने भन्दै गर्दा भारत, ब्राजिल जस्ता गर्मी मुलुकमा संक्रमणले तीव्रता लिनु आफैमा विरोधाभाषी देखिन्छ ।

संक्रमणको आयु घट्न सक्छ ।

त्यसो त अहिलले अपनाइएका प्रतिबन्धात्मक रणनीतिहरु दिगो नरहने र यसले सामाजिक र आर्थिक रुपमा डरलाग्दो क्षति हुने संकेत देखिसकेको छ । यस्तो परिस्थितिमा संसारबाट यसको उचित निकासको बाटो खोज्ने काम भइरहेको छ । तर, कोरोना भाइरसको संक्रमण फैलन कुनै कमी भएको छैन । यो महामारी विश्वका लागि वैज्ञानिक र सामाजिक चुनौति हो । यस विषयमा विश्वका ठूला शक्तिराष्ट्रहरु पनि मार खाइरहेको अवस्थामा अब कहिलेसम्म महामारीले बिदा लेला त ? सबैको चासोको विषय बनेको छ ।

यो परिस्थितिबाट बाहिर निस्कन विज्ञहरुले मुख्यतया तीन वटा उपायहरु सुझाएका छन् । खोपको विकास गर्नु, रोग प्रतिरोध क्षमता बढाउनु र दैनिक व्यवहार र आनीबानीमा व्यापक परिवर्तन गर्नु । तर, यी तीन उपायहरु मध्ये प्रभावकारी उपाय भनेको खोपको विकास नै हुन् । तर, यसको परीक्षण

बरु तेस्रो उपायको रुपमा रहेका मानिसको दैनिक व्यवहार र आनीबानीमा परिवर्तन गरेर यस महामारीको संक्रमणबाट धेरै हदसम्म बच्न सकिन्छ । रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु भने झैं यस उपायले केही हदसम्म हामीलाई यस भाइरसबाट बचाउन मद्दत गर्छ । तर, यो उपचार विधि नभएर रोकथाम विधि मात्र हो । तर, चीनको वुहानमा जस्तो उच्च सतर्कता अपनाउन सके यो भाइरसबाट बच्न सकिने उदाहरण प्राप्त भएको छ । यस संक्रमणको आयु आजसम्म कसैले ठ्याक्कै यति नै हो भनेर कसैले यकिन गर्न सकेका छैनन् । तथापि यसलाई नियन्त्रण गर्न सम्भव रहेको र दिगो समाधानका दिशामा विश्व कै ध्यान आकृष्ट भएको अवस्था छ । यो विश्व मानवका लागि ज्वलन्त विषय हो र यस ज्वलन्त विषयमा सबैको ज्वलन्त प्रश्न भनेको यसको अन्त्य कहिले हुने हो ? भन्ने नै रहेको छ ।

इतिहासलाई फर्केर हेर्दा विगतमा दुई हजार वर्षयता प्लेग रोगको महामारी संसारले खेपेकै हो । त्यस्तै अठारौं शताब्दीको मध्यतिर विफरले पनि महामारीको रुप लिएकै हो । सन् १९१८ मा फैलिएको इन्फ्लुएन्जा महामारीपछि पनि क्वारेन्टाइन, सामाजिक दूरी जस्ता शब्द अभ्यासमा आएकै हुन् । विगतका यस्ता महामारीको अन्त्य भए झैं कोरोना महामारीको पनि अन्त्य होला त ?

विगतका महामारी नासिए जस्तै यसपटकको महामारी पनि नासिएला नै तर कोरोना महामारीलाई स्वास्थ्य विज्ञानलेभन्दा पहिले मानिसले सामाजिक तवरले नष्ट गर्न सक्छन् । यसको खोप वा औषधि आउन लाग्ने समय पूर्व मानिस सामाजिक दूरी र लकडाउनबाट दिक्क मान्नेछन् र यसलाई महामारी मान्न छाडी दिनेछन् । जसले गर्दा मानिसको रोग प्रतिरोध क्षमता कोरोना भाइरस माथि विस्तारै बलियो हुँदै गएर भाइरसको प्रभाव कम हुनेछ ।

मानिसहरुमा उत्पन्न नैराश्यता र थकानले सामाजिक र मनोवैज्ञानिक असरहरु देखिन थालेको परिस्थितिमा मानिसहरु जसरी पनि आफ्नो सामान्य दैनिक जीवनमा फिर्ता जान चाहन्छन् र जसको शुरुवात भइसकेको पनि छ । मानिसहरु स्वतः स्फूर्त रुपमा गाडी, पसल, व्यवसाय, कार्यालय, उद्योग कलकाखाना खोल्न थालिसकेका छन् । तसर्थ, अब यसको अन्त्यबारे सोच्ने बेला आइसकेको छ । नागरिक समाज र बुद्धिजीवी वर्गले कोरोना महामारीको सामाजिक अन्त्यबारे सोच्न थालिसकेको छन् ।

# राजनीतिमा शक्ति वासना



**ओम आचार्य**

ग्रहणमा अधि जोडएपछि 'अधिग्रहण' र यो शब्दले आफ्नो स्वामित्वमा रहेका कुनै पनि वस्तु सरकारले ग्रहण गर्न सक्छ । त्यस्तै नायकमा अधि जोडिएपछि 'अधिनायक' यसले पनि त्यस्तै अर्थ दिन्छ । सबै क्षेत्रमा राजनीतिमा अर्थनीतिमा, शिक्षानीतिमा, सञ्चारनीतिमा अरु सबैको नायकतत्व हरण गरेर आफैंले नायकतत्व ग्रहण गर्नु नै अधिनायक भनिन्छ । यसलाई सर्वसत्तावाद भनेर बुझ्दा पनि हुन्छ ।

वर्तमान ओली सरकार यही बाटोमा अग्रसर हुँदैछ । प्रधानमन्त्री ओलीको यो पथले राष्ट्रमा अस्तव्यस्ततालाई निम्तो दिन्छ र यसको नतिजा अर्थात् भोलि ओलीपथले आफू र आफ्नो सरकार स्थापित गर्नुभन्दा पनि अर्कै शक्तिलाई स्थापित गर्ने मार्गप्रशस्त गर्दैछन् जस्तो देखिँदैछ । अहिलेको नेकपा सरकारको अधिनायकवाद, सर्वसत्तावाद, प्रवृत्तिले राजशाही व्यवस्थालाई समेत बिर्साउने गरी आफ्नो नेतृत्वको सरकारको परिचयको स्वरुप बनाउँदैछ ।

राजनीतिमा शक्तिको वासना पाल्ने मानिस भौतिक वासना पाल्नेभन्दा धैरै नै ज्यादा खतरनाक, क्रुर, हिंस्रक र स्वार्थी हुन्छन् । यिनीहरुलाई मात्रै शक्ति चाहिन्छ । उनीहरु महान तथाकथित नेता बन्न चाहन्छन् । सहज बहुमत हुँदाहुँदै अन्य राजनीतिक दललाई समेत मन्त्रिमण्डलमा समावेश गरेर दुईतिहाई मत पुऱ्याएको थियो । यो नै शक्ति वासनाको प्रमाण हो र यस्तो वासना पाल्ने राजनीतिक पार्टीको यस संसारमा कालान्तरमा पतन भएको पनि देखिएको छ । यिनीहरुमा कस्तो भावना हुन्छ भने सब हामीहरुको अगाडि शिर झुकाउन, आफूलाई राष्ट्रनायक घोषित गरुन् । यस्तै विकृत मानसिकता राजनीतिमा शक्ति वासना पाल्ने शासकमा देख्न पाइन्छ । अर्कोतर्फ संविधानमा भएको व्यवस्था अनुसार संसदमा र प्रदेश सभामा सभामुख र उपसभामुख एउटै पार्टीको रहने व्यवस्था छैन ।

एमाले र माओवादी एकीकरण पूर्व त ठीकै थियो, त्यसपछि एउटै पार्टीको रहेको हुँदा एक पद छाड्नुपर्ने संवैधानिक व्यवस्थामा नेकपामा जन्मिएको राजनीतिक घटनाक्रमका कारणबाट तत्कालीन उपसभामुख शिवमाया तुम्बाहाम्फेले राजीनामा दिएपछि आठ महिनादेखि रिक्त रहेको छ । सो पदमा उपसभामुख नियुक्त नहुनु पनि दुबै पदमा नेकपा नै रहेको अर्थमा बुझ्नुपर्छ र यो पनि शक्ति वासना नै हो यो कुरा प्रतिपक्षमा रहेको नेपाली कांग्रेसले किन बुझिरहेको छैन ? मूल कुरा चैं नेकपा पार्टीको शक्ति वासना नै हो र यस्तो वासना अब सर्वत्र देखिँदै जानेछ, जुन कुरा लोकतन्त्रको



लागि ख़तरा को संकेत हो ।

सरकार प्रमुख हुनेले राजदण्डको प्रयोग गर्छ । तर, त्यो शक्ति वासना पाल्नेले चैं राजदण्ड गलत ठाउँमा प्रयोग गर्छन् र त्यही हुनाले नै तुलसीदासलाई अकबरले कैद गरे । मुग़लहरुबाट शिखका दश गुरुले पनि राजदण्ड झेले, रोमन साम्राज्यमा पनि एक जनालाई सुलीमा बाँधेर राजदण्ड सुनाइ सुलीमा झुण्ड्याइयो । नेल्शन मण्डेलाले पनि राजदण्ड झेले र पुरै जिन्दगी जेलमा बिताए । चीनमा नै नोबेल पुरस्कार प्राप्त गरेका मानिसहरुले राजदण्ड कै कारण सम्पूर्ण जीवन कारागारमा बिताउनु पऱ्यो । अहिले प्रधानमन्त्री केपी ओलीमा यही शक्ति वासना पलाएको र पाल्दै गरेको देखिन्छ । यही राजदण्डको भय, डर र त्रास देखाएर विपक्षी दलका नेताहरुलाई निस्तेज गर्न खोजिँदैछ । अहिले यही राजदण्ड कै बलबुतामा आफ्नो राज्यसत्ता सञ्चालन गर्न लागीपरेका छन् । यस्तो अवस्थामा न्याय, कानूनी अर्थात् कानूनी राज्य त्यो राजदण्डसँग हार्दै जान्छ ।

प्रधानमन्त्रीमा शक्ति वासना छ र त्यो वासनाको उदाहरण प्रधानमन्त्रीको कार्यालयमा गृहको गुप्तचर विभाग, अर्थको राजस्व अनुसन्धान विभाग लगायतका विभागहरु राख्नु शक्ति वासनाको प्रमाण हो । यी सबै शक्तिको भोक हो वासना हो । यस्तो भोक र वासना पाल्ने मानिस कहिल्यै तृप्त हुँदैनन् । यो भोक बढ्दै जानेछ, जस्तो मानव अधिकार आयोग, पत्रकार आचारसंहिताका कुरा यिनै शक्ति वासनाले ल्याएको कुरा हुन् ।

चाहे राष्ट्र होस् चाहे सरकार यिनीहरुको राजनीतिमा मुख्य उद्देश्य शक्ति प्राप्त गर्नु हो । त्यो शक्तिको प्रभावमा, दबावमा आफूलाई स्थापित गर्दै जानु हो । आफ्नो विचारलाई लागू गर्दै जानु हो । तर, यहाँनेर त्यो शक्ति कसरी प्रयोग भइरहेछ र किन प्रयोग भइरहेछ, त्यो चैं राजनीतिक विश्लेषकहरुले, विचारकहरुले, मानव अधिकारवादीहरुले अध्ययन गर्ने नै छन् । अहिले नेकपाको शक्ति वासनाले गरेको राज्य सञ्चालनलाई वर्तमान नेपालको राजनीति मूल्यहीन भन्नुपर्ने हुन्छ । मूल्यहीन राजनीति मात्रैको भविष्य छैन र भोलि माथि उल्लेख गरिएका राजनीतिक विश्लेषक, विचारक र मानव अधिकारवादीको पनि यही निष्कर्ष आउँछ !

# डरलाग्दो लत : युवामा डिप्रेशनको जोखिम



**कुशल बस्नेत**

'ओइ त्यो घर पछाडिबाट आयो, हान-हान । त्यसलाई नछोड । भाग्यो त्यो, खेदाई-खेदाई हान् ।' यस्तो आवाज तपाईंले सुन्नुभएको छ ? यस्तो आवाज नसुन्ने मान्छे अहिले विरलै भेटिन्छन् । यो आवाज कुनै युद्ध वा आन्दोलनको होइन । यो आवाज हो, अहिलेका युवापुस्ताको । युवापुस्ता अहिले डरलाग्दो लतमा फस्दैछ । त्यो लत हो, डिजिटल खेल, पब्जी, फ्रि फायर जस्ताको ।

यो डिजिटल खेलबाट टाढा रहेका र यसको लतमा नपरेका युवाहरु विरलै भेटिन्छ । यो खेल नेपालमा मात्र होइन विश्वभर खेल्ने गरिन्छ । यो खेलले अत्यधिक युवामा मानसिक रोग उत्पन्न गराएको छ । युवापुस्तामा सोच्ने शक्ति कम भएको र मानसिक रोगको शिकार भएको कारण विभिन्न राष्ट्रले यस्ता खेलमा प्रतिबन्ध लगाएको छ ।

युवाको मृत्यु र अत्यधिक मानसिक रोगको शिकार भएका कारण भारतले पनि पब्जी खेललाई प्रतिबन्ध लगाएको हो । यो खेल प्रतिबन्ध लगाएलगत्तै भारतमा एक १६ वर्षीय युवाको त्यस खेलप्रतिको अत्यधिक लतका कारण मृत्यु भएको भारतीय मिडियाले बताएको



थियो । सोच्नुहोस् त एक पटक- कस्तो अचम्मको लत रहेछ यो ?

नेपालमा पनि युवापुस्तामा यो खेल खेलेको कारण मानसिक रोगीको संख्यामा वृद्धि भएको छ । अहिलेको यो विषम् परिस्थितिमा सिर्जनशील, सामाजिक काम गर्नुको सट्टा युवाहरु यो खेल खेल्दै आफूले आफैंलाई मानसिक रोगको शिकार बनाइरहेका छन् । यस्तो लतमा फसेका युवा भोलि आफ्नो सामान्य कामकाज गर्दा र विद्यालय जानुपर्दा पब्जी र फ्री फायर जस्तो खेल खेल्द नपाउँदा के होला ? युवाहरुमा लकडाउन हटेर यस्तो खेल खेल्न नपाउँदा मानसिक रोगी नहोलान् र आत्महत्या समेत नगर्लान् भनेर भन्न सकिन्नँ । यस्तो खेल अत्यधिकरुपमा खेलेका कारण युवापुस्तामा अहिले झट्ट रिसाउने, झर्किने, एकोहोरो हुने जस्ता अनेकौं समस्या बढ्दै गएको छ । यस खेलमा अरुभन्दा आफू ठूलो र खतरा देखिनका लागि हजारौं रुपैयाँ खर्च गरेर डाइमन्ड टपअप गर्ने गर्छन् । यसो गर्दा एक त खर्च दिन प्रतिदिन बढ्दै जान्छ, अर्कोतर्फ पैसा नभएको बेला हिंसात्मक गतिविधि र मानसिक रोगी बढ्छन् । यो लत भनेको ड्रग्सभन्दा कम भने होइन । युवाहरुमा पब्जी र फ्रि फायरमा यति साह्रो लत लाग्यो कि बिहान उठेदेखि राति नसुतुञ्जेलसम्म खेलिरहन्छन् । देशका मेरुदण्ड र भविष्य मानिएका युवा नै यस्तो लतमा फस्दा देशको भविष्य के होला ? युवाहरु तपाईंहरु आफ्नो भविष्यको बारेमा पनि सोच्ने कि ?

मैले यति कुराहरु प्रस्तुत गर्दैगर्दा तपाईंको मनमा प्रश्न उठ्यो होला पब्जी र फ्रि फायर खेलेर पनि युट्युव च्यानल खोलेर पैसा कमाइरहेका छन् त ? भनेर । हो, उनीहरु समय मिलाएर सबै काम सकेर मनोरञ्जनका लागि खेल्ने गर्छन् । तर, अत्यधिक युवाहरु भने जतिखेरै त्यही खेल खेलिरहेका हुन्छन् । कहिलेकाहीँ मनोरञ्जनको रुपमा खेल्नुहोस् । तर, यसलाई लतको रुपमा नलिनुहोस् ।

किनकि यसको लत लागेपछि खेल्न नपाउँदा युवाहरु आत्महत्या गर्न पनि पछि नहटेको कुरा हजुरहरुलाई अवगतै छ । अहिले ८० प्रतिशत युवाहरुमा भने यो खेलको लत नै बसिसकेको छ । यस कुरामा बुबा-आमाहरुले आफ्ना छोरा-छोरी के गर्दैछन् भन्ने कुरामा निगरानी गर्न आवश्यक देखिन्छ । यसो नगरे भोलि ठूलो दुर्घटना झेल्नु नपर्ला भन्न सकिँदैन । त्यसैले युवापुस्ताले समेत आफूलाई सिर्जनात्मक र सामाजिक कामतर्फ अघि बढाउन आवश्यक देखिन्छ ।

# कारागारमा कोरोना फैलिन नदिन बारको ध्यानाकर्षण

**झिलझिले, असोज १२।** नेपाल बार एशोसिएशन र मानवअधिकार तथा जनसरोकार समितिले झापा कारागारमा रहेका कैदीबन्दीमा कोरोना संक्रमण पुष्टि भएको घटनामा सरकार जिम्मेवार हुनुपर्ने बताएको छ।

केही दिनअघि मात्र जिल्ला कारागारमा १७ जनाको स्वाब संकलन गरिएकोमा १२ जनाको रिपोर्ट पोजेटिभ आएपछि एशोसिएशन र मानवअधिकार तथा जन सरोकार समितिले गम्भीर चासो राख्दै एक विज्ञप्ति प्रकाशित गरेर सरकारको गम्भीर ध्यानाकर्षण गराएको हो। झापा कारागारका १० जना कैदीबन्दी र दुईजना प्रशासनका कर्मचारीलाई कोरोना पुष्टी भएको थियो।

नेपाल बार एशोसिएशन झापा इकाइका सचिव भीम बराल र मानवअधिकार तथा जन सरोकार समितिकी संयोजक यज्ञलक्ष्मी चौलागाईद्वारा हस्ताक्षरित विज्ञप्तीमा झापा बार संवैधानिक सर्वोच्चता, विधिको शासन, मानवअधिकार एवम् प्रेस स्वतन्त्रताको पक्षमा क्रियाशील रही आएको स्मरण गराएको छ। विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको प्रभाव नेपालमा पनि अत्यधिक रुपमा बढिरहेको बेला झापा कारागारका १० जना कैदीबन्दीमा कोरोना संक्रमित पुष्टि भएपछि बार इकाइ र मानवअधिकार तथा जन सरोकार समितिको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ।

कारागारमा रहेका कैदीबन्दीहरुको स्वास्थ्य सम्बन्धी हक समेत सुनिश्चित गर्नु राज्यको आधारभूत दायित्व भएकोले कारागारमा संक्रमण पुष्टि भएका कैदीबन्दीहरुको स्वास्थ्य उपचारको समुचित व्यवस्था मिलाउन विज्ञप्ति मार्फत सरकारको ध्यानाकर्षण गरिएको छ। संक्रमितलाई आवश्यकता अनुसार क्वारेन्टिन, आइसोलेसन तथा अन्य सुरक्षात्मक उपायहरूको व्यवस्थापन गर्न पनि सरकारसँग माग गरिएको छ।

कैदीबन्दीहरुको बाच्न पाउने नैसर्गिक हक समेतको सम्मान गर्दै जिल्ला कारागार झापामा थप संक्रमण फैलन नदिन तत्काल आवश्यक तथा प्रभावकारी व्यवस्था मिलाउन विज्ञप्ति मार्फत कारागार प्रशासनसँग झापा बारले माग गरेको छ।

झापा कारागारका संक्रमितलाई मेची प्रादेशिक अस्पताल भद्रपुरको आईसोलेसनमा राखिएको छ। उनीहरुको त्यही उपचार भइरहेको नेपाल बार एशोसिएशन झापा इकाइका सचिव बरालले बताए। समाचार स्रोतका अनुसार कारागारभित्रका सयौं कैदीबन्दीलाई ज्वरो आएको छ। तर, कारागार प्रशासनले भने यसको स्वतन्त्ररुपमा पुष्टी गरेको छैन।

# २०० सय युवा लाभान्वित

**बिर्तामोड, असोज १२।** दातृ संस्था आइओएमले अर्जुनधारामा आयोजना गरेको कार्यक्रमबाट दुई सय युवा लाभान्वित हुने भएका छन्।

वैदेशिक रोजगारमा गएर कोरोना संक्रमणका कारण नेपाल फर्किएका युवालाई आइओएमले पुनर्स्थापनाको कार्यक्रम शुरु गरेको हो। अर्जुनधारा नगरपालिकामा बसोबास गर्ने युवालाई कार्यक्रम मार्फत् आर्थिक सहयोग गरिने भएको छ। सो रकमले उनीहरुले पेश गरेको परियोजना बमोजिमको उद्यम गर्नुपर्ने दाता संस्थाको शर्त रहेको तालिम तथा अनुगमन संयोजक प्रकाश कार्कीले बताए। आइओएमको आर्थिक सहयोग तथा एशियन फोरम, नेपाल विकास अध्ययन प्रतिष्ठान, पौरखी नेपाल र युथ एक्सन नेपालको साझेदारीमा कार्यक्रम सुचारु गरिएको हो।

कार्यक्रममा नगरका दुई सय युवा छनौट गरी तीन सय ५० अमेरिकी डलर बराबरको रकम आर्थिक सहयोग गरिने कार्कीले जानकारी दिए। अहिले फर्म मार्फत परियोजना संकलन कार्य भइरहेको उनको भनाई छ। त्यसपछि तालिम प्रदान गरी उद्यमी बनाईने कार्कीले बताए। कार्यक्रममा सहभागिताका लागि नगरपालिकामा रहेको क्वारेन्टाइनमा बसेको प्रमाणित हुनुपर्ने पहिलो शर्त रहेको छ। झापाको अर्जुनधारासहित सुनसरीको धरान उपमहानगरपालिका र धनकुटा नगरपालिकामा यो कार्यक्रम लागू हुने कार्यक्रम निर्देशक चिरञ्जीवी बरालले बताए।

# सामाजिक काममा बुढाथोकी

**युएई, असोज १२।** सामाजिक सञ्जाल फेसबुक र टिकटकमा 'खाडीको लाउरे ओ...ए... खाडीको लाउरे' भन्ने अभिव्यक्ति दिएर भाइरल बनेकी खाडीकी लाहुरेनी युएईमा रोजगारीसँगै समस्यामा परेका नेपाली कामदारहरुको उदार तथा नेपाल फिर्तीका लागि हिजोआज निकै सक्रिय छिन्।

सिन्धुली स्थायी घर भएकी उनको वास्तविक नाम भने सुबी बुढाथोकी हो। उनी दुबईको एक पार्लरमा विगत पाँच वर्षदेखि म्यानेजरका रूपमा कार्यरत् छिन्। कोरोनाको कारण युएईमा बिचल्लीमा परेका नेपाली कामदारहरुको सहयोगका लागि फेसबुक लाइभबाट निरन्तर अपिल गरिरहेकी उनी युएईको नेपाली सामाजिक क्षेत्रमा नयाँ अनुहार हुन्। कामबाट फुर्सद मिल्ने बित्तिकै उनी समस्यामा परेका नेपाली कामदारहरुको सहयोगका लागि क्रियाशील हुन्छिन्।

कोरोना भाइरलको कारण जागिर गुमाएका, तलब नपाएका र भिजिट भिसामा युएई आएर अलपत्र परेका नेपालीहरुलाई उनको नेतृत्वमा सहयोग



जुटाएर र समन्वय गरेर हवाई टिकट समेत उपलब्ध गराउन उनी सफल भएकी छन्। उनको निरन्तरको पहलमा गत १९ सेप्टेम्बरमा चार जना नेपाली युवाहरु नेपाल फर्किसकेका छन्। भिजिट भिसामा युएई आएर अलपत्र परेका चितवन जिल्लाका अशोक दराई र बुद्धिबहादुर, लमजुङका विकास गुरुङ र गोरखाका नेत्रबहादुर थापा मगर गरी चार जनालाई आफ्नो पहलमा हवाई टिकट प्रदान गरेको र अन्य ११ जनालाई पनि नेपाल पठाउने तयारी भइरहेको उनले जानकारी दिएकी छन्।

सुबीले आफ्नो चिनजानका साथीहरू र विदेशी सहयोगी दाताहरूको सहयोगमा समस्यामा परेका नेपालीहरुलाई आवश्यक समन्वय गरेको बताएकी छिन्। फेसबुक र टिकटकमा 'खाडीको लाउरे ओ...ए खाडीको लाउरे' भन्ने अभिव्यक्ति दिएर आलोचना साथै समर्थनको भारी प्रतिक्रिया पाएकी सुबी ती प्रतिक्रियाहरुले अझ ऊर्जा मिलेको र समाजसेवाको अभियानमा सामाजिक सञ्जालले सहयोग नै पुऱ्याउने गरेको बताएकी छन्।

**१७ जनालाई खाद्य सामग्री वितरण**

एनआरएन युएई र नेपाली दूतावासलाई टाउको दुखाईको विषय बनेको १७ जना नेपाली कामदारहरुलाई सुबीले करिब पाँच सय दिराम बराबरको खाद्यान्न सहयोग गरेकी छन्।

जेबल अलीको एक फेसिलिटी म्यानेजमेन्ट कम्पनीमा कार्यरत् १७ जना नेपाली कामदार जो ओभरस्टे जरिवाना तिर्न नसकी एयरपोर्टबाट फिर्ता भएका थिए। कोभिड-१९ को कारण कामविहीन भएका उनीहरूलेलाई सामाजिक अभियन्ता उत्तम भण्डारीले बर दुबईको आफ्नो कोठामा आश्रय दिइरहेका छन्।

# प्रशासकीय अधिकृत लम्सालको विदाइ

□ **बिमल दहाल**

**माई, असोज १२।** माई नगरपालिका इलाममा एक कार्यक्रमका बीच प्रमुख प्रशासकीय अधिकृत दिनानाथ लम्साललाई विदाइ गरिएको छ। सोही कार्यक्रममा मेडिकल अधिकृत डा.रामकृष्ण आचार्यलाई स्वागत गरिएको छ।

नौ महिनाअघि जिल्ला प्रशासन कार्यालय पाँचथरबाट माई नगरपालिका आएका लम्साल सरुवा भई झापाको मेचीनगर नगरपालिका गएका हुन्। कार्यक्रममा भद्रपुर-१० घर भएका लम्साललले स्थानीय तहको तालिम केन्द्रका रुपमा माई नगरपालिकालाई लिएको बताए।

त्यस्तै माई नगरपालिकाले पहिलोपटक मेडिकल अधिकृत पाएको छ। स्वास्थ्य संस्था स्थापना भएको २५ बर्षपछि पाँच बेडको कोभिड अस्पतालका लागि इलाम सूर्योदय-१३ लक्ष्मीपुर घर भएका डा. रामकृष्ण आचार्यलाई नियुक्ति गरिएको स्वास्थ्य शाखा प्रमुख पुष्कर कट्टेलले जानकारी दिए।

स्वागत कार्यक्रममा नगर प्रमुख दीपककुमार थेवेले विदाइ भएर जाने प्रमुख प्रशासकीय अधिकृत लम्साललाई आगामी दिन अझ उत्कृष्ट कार्य गर्न शुभकामना दिए। प्रमुख थेवेले माईमा रहँदा जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय लगायतसँग कुनै असहज सम्बन्ध रहे आजैबाट बिर्सन समेत लम्साललाई अनुरोध गरे। थेवेले मेडिकल अधिकृत डा.आचार्यलाई स्वागत गर्दै अवसर र चुनौतिका रुपमा कार्य गर्न शुभकामना दिएका थिए।

कार्यक्रममा उपप्रमुख बिष्णुमाया, वडाध्यक्षहरु खम्बसिंह लिम्बू, शेरबहादुर एक्तेन, माईका लेखा प्रमुख क्षेत्रनाथ शर्मा, स्वास्थ्य शाखा प्रमुख पुष्कर कट्टेल, सशस्त्र प्रहरी दानाबारी बेस क्याम्पका प्रमुख दिलीप बस्नेत, लोदिया प्रहरी चौकी प्रमुख दिलबहादुर दनुवार, माई नगरका कर्मचारी, स्वास्थ्यकर्मी, संघ-संस्थाका प्रतिनिधि लगायतको सहभागिता रहेको कार्यक्रमको सञ्चालन प्रशासन शाखा प्रमुख नवीनकुमार पौड्यालले गरेका थिए।


## आवश्यकता

एक सेनेटरी प्याड उत्पादन गर्ने कम्पनीलाई निम्न कर्मचारी चाहियो।
पद : मार्केटिङ/सेल्स (महिला/पुरुष)
तलब : कम्पनीको नियम अनुसार
**कञ्चनजंघा हस्पिटल ई.(प्रा.लि.)**
९८०१४२३६४८, ९८०१४२३६४४

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| राजेन्द्रप्रसाद हलुवाई | गौरीगञ्ज-५ | १०५१ | ५०७९६ | भारा/भार मोची,किनु लाल रा.व. |
| सारदा थापा | गौरीगञ्ज-५ | २२६ | १०३५ | दायरी माया, दरगाही मिया |
| रमेशकुमार चापागाई | कोरोबारी-५ | ३१० | ०-७-० | शोभाइ सतार |
| कलसलाल राजवंशी | खजुरगाछी-५ | २९६ | ०१६९४ | वजारु राजवंशी/वजरु राजवंशी |
| तोला शाह | खजुरगाछी-७ | ३५९ | ७४७.५० | इन्द्रलाल मिया/इन्द्रलाल मकरा |
| मान्तीदेवी शाह | खजुरगाछी-७ | ४६ | ००४२५.०० | इन्द्रलाल मिया |
| " | " | ३५८ | ०७४७.५० | इन्द्रलाल माक्रा |

## कर्मचारी आवश्यकता

**सेल्स/मार्केटिङ :** १५ महिला/पुरुष
**काम गर्ने स्थान:** काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड।
*तलब: १२,६००+कमिशन+बोनस*
**घरमा काम गर्ने :** १ जना (महिला)
*(खान/बस्न सुविधा छ)*
**Nepal Jobs Care Service Pvt. Ltd.**
मो. ९८२६९२०००१, ०२३-५४६६८३

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता।
कुक- २ जना वेटर- १ जना
हेल्पर- १ जना (महिलालाई प्राथमिकता)
सम्पर्क: ९८१४०१५१०४, ०२३-५४५४५७

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| सीता राजवंशी | बनियानी-९ | १४५ | २५२०.०० | हर्जलाल/हगोलाल राववंशी तेहालाल डुबडुली |
| प्रदिपकुमार पुरी | पाराखोपी-२ | ६५५ | ०-११-५ | हर्कबहादुर लिम्बू |
| गणेशकुमार ढकाल | पाराखोपी-२ | ४०१ | ०-०-१० | पवन दनुवार/जयप्रसाद त्रिलोचन |
| अम्बिकाबहादुर खड्का | तोपनाछी-९ | १३९५ | ०-५-० | खडा सतार मुर्मु/कविराज बास्के सतार |
| ओमकुमार थापामगर | पाराखोपी-१ | १९७३ | ०-१-१० | बेधनिधी सापकोटा |
| सैरुन निस्सा मियानी | केचना-३ | १४१६ | ७५९२.४८ | अभिरुदी मिया/बैसाखु मिया |

## Dubai मा अफिस ब्वाई, मर्चेन्डाईजर, महिला तथा पुरुष सेक्युरिटी गार्डहरुलाई, रोजगार

१.कम्पनी **Deyaar Facilities Management LLC, UAE**
पूर्व स्वीकृती मिति २०७६।१०।०७ चलानी नं. ६०१५३२०६ LT.No. 234471

| क्र.सं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards/Guards | 100 | [illegible] | 1200 | ३८,४०० | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | क. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 100 | | 800 | २५,६०० | | | | | | | |
| 3 | Office Boy | 50 | | 900 | २८,८०० | | | | | | | |

नोट: १. अफिस ब्वाई, मर्चेन्डाईसर र सेक्युरिटी गार्डको हकमा अंग्रेजी भाषा राम्रोसंग जान्ने हुनु पर्दछ।
२. उचाई कम्तिमा ५ फिट ४ इन्च भन्दा माथि हुनु पर्नेछ।

२.कम्पनी **ABU Dhabi Berkeley Services LLC, Abu Dhabi, UAE**
पूर्व स्वीकृती मिति २०७६।१०।२७ चलानी नं. ६०१५२०२३ LT.No. 232815

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 150 | 50 | काममा अनुभव | 800 | २५,६०० | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

नोट: १. क्लिनरको हकमा उमेर १८ देखि ४५ वर्ष नजाघेको हुन हुनु पर्नेछ।

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | [illegible] | कामदार आफै | [illegible] | [illegible] | [illegible] | कामदार आफैले | रु ७००/- कामदारले तिर्ने | रु ५,७००/- कामदारले तिर्ने | निःशुल्क |


फाईनल अन्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट शाखा कार्यालय बिर्तामोडमा मिति २०७७ असोज १८ गते (4 Oct., 2020) मा र काठमाण्डौमा मिति २०७७ असोज १९ गते (5 Oct., 2020) मा हुनेछ।

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी** :- [illegible]

## शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.
सामाखुशी रिङ्गरोड, काठमाडौं। सम्पर्क: ०१-४३८७९९१, ४३८७९९२
शाखा कार्यालय बिर्तामोड:- ०२३-५४१०६०, ५४०५१७, ५४५३२८८, मो. ९८०१०३३९७७
९८०१०३३९७२, ९८०१०२३८१३, ९८०१०३३९७५, ९८०१०३३९७०, ९८०१०३३९७४
(श्रम इजाजत नं: ८०६/०६५/६६)
email: pr@siwakoti.com, siwakoti806@gmail.com

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रबो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।
मो. ९८१५९५२४९९
९८४१३२१४६४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्क: ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

## सेक्युरिटी गार्ड चाहियो

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला।
भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस्।
उमेर : २६ देखि ४८ सम्म
सम्पर्क : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५९, ९८४२६२४३४३/९८१४०३६३४४


## इन्स्योरेन्स पेपर हरायो

यही मिति २०७६ चैत्र ७ गते चारआलीबाट बिर्तामोड जाने क्रममा मेरो निम्न व्यहोराको चार्ली कम्पनीको इन्स्योरेन्स पेपर हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ।


**नाम**:- सूर्यकुमार सुब्बा (6/11GR)
**ठेगाना**:- मेचीनगर-१२, झापा
**इन्स्योरेन्स नं.**:- 9821279
**कम्पनी नाम**: चार्ली कम्पनी
**सम्पर्क**: ९८१७९०४९३२

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ।



सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आय-आर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ। पछिसम्म फाइदा हुने कामको जग बसाउने अवसर प्राप्त हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ। दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** तापनि उपलब्धिमूलक यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। टाढाका साथीभाइसँग आत्मीयता बढ्नेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ। फाइदाका पछि लाग्दा धनमाल गुम्न सक्छ। काम रोकिनाले दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। बाध्यताले अलमल्याउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ। काम पूरा नभए पनि दोहोऱ्याएर प्रयत्न गर्दा लाभ हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। चिताएको मूल्य प्राप्त नभए पनि पछि फाइदा हुने काम हातलागी हुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बुद्धिको उपयोगले अरूलाई आफ्नो पक्षमा लिन सकिनेछ। मेहनतले सम्मानित स्थान दिलाउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ। विशेष योजना सार्वजनिक नगर्नुहोला। दिगो कामको जग बसाउन सकिनेछ।